का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० माघ २०७९,
शुक्रबार
3 February 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ९ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# कामुकै भरमा न्यायालय

सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित पाँच न्यायाधीशको पद रिक्त छ । त्यस्तै, देशभरका ७ उच्च अदालतमा मुख्य न्यायाधीशको पद रिक्त छ भने देशभरका जिल्ला अदालतमा ३२ न्यायाधीशको पद खाली छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ माघ ।

कायममुकायम प्रधानन्यायधीशको भरमै सर्वोच्च अदालत सञ्चालन हुन थालेको एक वर्ष पुग्न लागिसकेको छ। तर अहिलेसम्म पनि प्रधानन्यायाधीश नियुक्तिबारे सरकार मौन छ । गत फागुनमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाविरुद्ध महाअभियोग प्रस्ताव दर्ता भएसँगै कामु प्रधानन्यायाशीसको जिम्मेवारी न्यायाधीश दीपककुमार कार्कीले सम्हालेका थिए । तर उनले पनि गत १५ असोज, २०७९ मा ६५ वर्षे उमेरहदका कारण अनिवार्य अवकाश पाएका छन् । कार्कीपछि न्यायाधीस हरिकृष्ण कार्कीले सर्वोच्चको कामु प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्दै आएका छन् ।

अहिले संवैधानिक परिषदले पूर्णता पाए पनि संसदीय विशेष सुनुवाई समिति गठन नभएका कारण प्रधानन्यायाधीश नियुक्तिमा अझै समय लाग्ने देखिएको छ। संविधानको धारा १०१ मा महाअभियोगसम्बन्धी व्यवस्था गरिएको छ भने महाअभियोग प्रस्ताव दर्ता भएपछि प्रधानन्यायाधीश स्वतः निलम्बन हुने उपधारा ६ मा रहेको छ ।

सर्वोच्च अदालतले एक वर्षसम्म नेतृत्व नपाउनु दुखद पक्ष हो, अब छिट्टै सर्वोच्चको प्रधानन्यायाधीश र देशभरि रिक्त रहेको पदमा न्यायाधीश नियुक्त हुनु – बाँकी पृष्ठ २ मा

हरिकृष्ण कार्की
कामु प्रधानन्यायधीश

सर्वोच्च अदालतले एक वर्षसम्म नेतृत्व नपाउनु दुखद पक्ष हो, अब छिट्टै सर्वोच्चको प्रधानन्यायाधीश र देशभरि रिक्त रहेको पदमा न्यायाधीश नियुक्त हुनु जरुरी छ ।

**टीकाराम भट्टराई**, वरिष्ठ अधिवक्ता

वैदेशिक रोजगार विशेष

## काठमाडौंमा मलेसियाली गृहमन्त्री



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ माघ

नेपालको प्रमुख श्रम गन्तव्य मुलुक मलेसियाका गृहमन्त्री सैफुद्दिन नासुसन इस्माइल तीन दिने भ्रमणका लागि बिहीबार नेपाल आइपुगेका छन् । उनी विशेष विमानबाट बिहीबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन् ।

ताहाचलस्थित सोल्टी होटलमा बसेका गृहमन्त्री इस्माइलले शुक्रबार बिहान १० बजे श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालसँग औपचारिक छलफल गर्ने कार्यक्रम तय भएको श्रम मन्त्रालयका प्रवक्ता डण्डुराज – बाँकी पृष्ठ २ मा

## युवतीलाई कुवेत लगेर बेच्ने दुई पक्राउ

काठमाडौं/मस- नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोले मानव बेचबिखन तथा ओसार पसारको आरोपमा दुई जनालाई पक्राउ गरेको छ । ब्यूरोले मानव बेचबिखनको आरोपमा उदयपुरको उदयपुरगढी गाउँपालिका-२ घर भई हाल काठमाडौं टोखा नगरपलिका-३ बस्ने ४४ वर्षीय रवि थापा मगर भन्ने लाल बहादुर मगर र इलाम फाकफोकथुम गाउँपालिका-५ घर भई काठमाडौं महानगरपालिका-९ बस्ने ४१ वर्षीय डम्बर मगर भन्ने डम्बरबहादुर दर्लामीलाई पक्राउ गरेको हो ।

प्रहरीले उनीहरूले कुवेतमा रहेको रोयल रेष्टुरेन्टमा वेट्रेसको काममा मासिक १ सय २० कुवेती दिनार तलब हुने प्रलोभन दिँदै सो रेष्टुरेन्टमा राम्रो काम गरेमा पोर्चुगल र अमेरिकामा रहेको रेष्टुरेन्टमा समेत पठाइदिन्छु भनेर नेपाली युवतीलाई भिजिट भिसामा दुबई हुँदै कुवेत लगेर त्यहाँ रहेका अन्य एजेन्टहरुमार्फत १ हजार ३ सय कुवेती दिनारमा बिक्री गरेको दाबी गरेको छ ।

पीडित युवतीलाई दैनिक १८ घण्टासम्म काममा लगाई श्रम शोषण गरेको – बाँकी पृष्ठ २ मा

# परीक्षामा प्रचण्ड



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १९ माघ ।

बिहीबार नेपाली राजनीतिमा राजनीतिक अस्थिरताको संकेत देखा परेको छ । सरकारमा सामेल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गृह मन्त्रालयबारे निर्णय गर्न प्रधानमन्त्री र उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई दुई दिनको समय दिएको छ । दुई दिन भित्र गृहमन्त्रालय नपाए सरकारबाट बहिरिने रास्वपाको चेतावनी छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सरकारमा रास्वपा सभापति रवि लामिछाने उपप्रधान तथा गृहमन्त्री थिए । तर नागरिकता विवादमा सर्वोच्च अदालतले लामिछानेको सांसद पद खारेज गरेपछि उनी उपप्रधान तथा गृहमन्त्रीबाट पनि पदमुक्त भए । लगत्तै नागरिकता लिएका लामिछानेले फेरि उपप्रधान तथा गृहमन्त्रीमा फर्किन चाहन्छन् ।

अर्कोतर्फ बिहीबार नै नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले प्रधानमन्त्री प्रचण्डलाई पक्राउ परेका आफ्नो पार्टीका सांसद अरुणकुमार चौधरीलाई २४ घण्टाभित्र छाड्न अल्टिमेटम दिएको छ । नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले चौधरीलाई नछाडे सरकारले आफूहरुको समर्थन नचाहेको ठहरिने चेतावनी दिएकी छन् ।

यता, जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले सरकारमा सहभागी मन्त्रीहरुले संघीयताविरुद्ध अभिव्यक्ति दिएको भन्दै रोष प्रकट गरेका छन् । राप्रपाका मन्त्रीहरुतर्फ लक्षित गर्दै उनले मन्त्रीहरुले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था विरुद्ध अभिव्यक्ति दिन नछाडे सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनी समेत दिएका छन् ।

यही बेला एमालेले पनि दबाब बढाएको छ । बिहीबार नै विराटनगर पुगेर एमाले अध्यक्ष केपी शर्मा ओलीले पूर्वसहमति अनुसार गृहमन्त्री रास्वपाबाटै हुने बताएका छन् । उनले पत्रकार हरुसित भनेका – बाँकी पृष्ठ २ मा



रास्वपाले रवि लामिछानेलाई नै गृहमन्त्रीमा पठाउँछ भने अरूलाई के को टाउको दुखाइ ?

**केपी ओली**
**अध्यक्ष, एमाले**

# गृहमन्त्रीमा अडान यथावत

गृह मन्त्रालय नपाएको झोंकमा सरकारबाट बाहिरिने चेतावनी दिइरहेका सभापति रवि लामिछानेलाई पार्टीका बहुमत सांसद र केन्द्रीय सदस्यले हतारमा निर्णय गर्न नहुने भनी रोकेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ माघ ।

राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले उपप्रधानसहित गृहमन्त्रालय पाउनुपर्ने अडान यथावत राखेको छ । बिहीबार बसेको केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले पूर्वसहमतिअनुसार गृह मन्त्रालयमा आफूहरूको स्वभाविक दाबी भएको निष्कर्ष निकालेको छ । यही निष्कर्ष अनुसार रास्वपाले तत्काल सरकार नछोड्ने बरु पार्टीको निर्णय उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा राख्ने निर्णय गरेको छ । गृह मन्त्रालय नपाएको झोंकमा सरकारबाट बाहिरिने चेतावनी दिइरहेका सभापति रवि लामिछानेलाई पार्टीका बहुमत



सांसद र केन्द्रीय सदस्यले हतारमा निर्णय गर्न नहुने भनी रोकेका छन् । महामन्त्री तथा प्रवक्ता मुकुल ढकालका अनुसार फेरि पनि रास्वपा गृह मन्त्रालयको अडानबाट पछि हट्ने छैन । उनले रास्वपाले गृह मन्त्रालय पाइराख्दा व्यक्ति को पठाउने भन्ने विषयमा पनि पार्टीले निर्णय लिने बताए ।

'गृह मन्त्रालय हाम्रो पार्टीले पाएको जिम्मेवारी हो । यो अडानबाट हामी पछाडि हट्दैनौं । र, पार्टीबाट को व्यक्ति पठाउने भन्ने कुरा पार्टीको निर्णयको अधिकार हो । अन्य व्यक्ति वा पार्टीले यो पठाउनुपर्छ भन्ने होइन,' उनले पत्रकारहरुसँग भने । गृह मन्त्रालय पाउँदा सांसद कि – बाँकी पृष्ठ २ मा

**Europe मुलुकको Romania मा महिला तथा पुरुषहरूलाई बैदेशिक रोजगारको अवसर**

People House

**Company: People House International SRL.**

पूर्व स्वीकृती मिति: २०७९/१०/१९ | चलानी नं. ६०१९५९७५ | LT.No. 280447

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agriculture Worker | 25 | 0 | काममा दक्ष | 550 | ७१,३४२।- | कं. नियम अनुसार | ८ घण्टा | ६ दिन | कं. नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Hospitality Worker | 10 | 20 | | 600 | ७७,८२७।- | | | | | | | |
| ३. | Construction Worker | 25 | 0 | | 700 | ९०,७९८।- | | | | | | | |
| ४. | General Worker | 20 | 0 | | 550 | ७१,३४२।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।– कामदार आफैंले | रु. ७००।– कामदार आफैंले | रु. ६०,०००/– कामदार आफैंले |

अन्तरवार्ता २०७९ माघ २७ गते (10 Feb, 2023) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075

**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com | info@aarohiirsolutions.com
01-4961807, 4962925 | 9802067941, 9801081902

**UAE मा Civil Security Guard हरूलाई रोजगार**

कम्पनी : AL NAJMA AL FAREEDA INTERNATIONAL SECURITY (L.L.C) | शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/१०/१९ | चलानी नं.: ६०१९५९८६ | LT. No.: 280431

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 50 | 20 | सम्बन्धित काममा दक्ष | 900 | ३२,०४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 50 | 20 | | 1200 | ४२,७३२ | | | | | | | |

For Cleaners: अंग्रेजी सामान्य लेखपढ गर्न सक्ने हुनुपर्नेछ ।

For Security Guard:
- ★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- ★ उमेर पुरुष: २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ६ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
- ★ उमेर महिला: २५ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ३ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
- ★ Ex-Army, Police, Civil Security मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।
- ★ DPS लाइसेन्स होल्डर तथा GCC Return Guard हरूलाई विशेष प्राथमिकता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २७ देखि फागुन १ गतेसम्म (10 to 13 Feb. 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
ISO 9001 : 2015

Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Mobile No.: 9849664971, 9826101000, 9857077842, 9855081120, 9845171177

मध्यान्ह
www.madhyanhadaily.com



# सांसद चौधरी पक्राउ



**मध्यान्ह संवाददता**
काठमाडौं, १९ माघ

नागरिक उन्मुक्ति पार्टीमा सांसद अरुण चौधरी पक्राउ परेका छन्। १३ वर्ष पुरानो आगजनीको घटनामा ६ महिना कैद सजाय सुनाइएका कैलाली-२ का सांसद चौधरी बिहीबार पक्राउ परेका हुन्। सांसद चौधरीलाई सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयको टोलीले बाँकेको कोहलपुरबाट पक्राउ गरेको हो। चौधरीलाई बिहीबार जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिने भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) वेदप्रकाश जोशीले बताए।

कैलाली क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित चौधरी सार्वजनिक सम्पति आगजनीको मुद्दामा दोषी ठहर भइ जेल सजाय नभोगेका 'फरार अभियुक्त' रहेको प्रहरीले जनाएको छ।

नागरिक उन्मुक्ति पार्टीले भने आफ्ना सांसद चौधरीलाई रिहा गर्न २४ घण्टाको अल्टिमेटम दिएको छ। बिहीबार पार्टी प्रवक्ता दामोदर पण्डितले विज्ञप्ति जारी गर्दै चौधरीलाई २४ घण्टाभित्र रिहा नगरे त्यसपछिका घटनाको दोषी सरकार र सम्बन्धित निकाय हुने उल्लेख छ।

विज्ञप्तिमा चौधरी पक्राउको घटनाले नागरिक उन्मुक्ति पार्टी र पहिचानवादीहरुमा ठूलो आघात परेको महसुस गरिएको उल्लेख छ। 'हामीलाई जबरजस्त आन्दोलनमा जाने धकेल्ने प्रयास नगरियोस्', विज्ञप्तिमा भनिएको छ। नागरिक उन्मुक्तिले सरकार र तत्कालीन आन्दोनकारी थरुहट-थरुवान पक्षबीच २०६६ भदौ ३ गते भएको समझदारीविपरीत चौधरीलाई नियन्त्रणमा लिएको भन्दै भर्त्सना गरेको छ। २०६६ यता ४ पटक स्थानीय प्रदेश र संघका सबै निर्वाचन लडेका चौधरी आजसम्म कहीँ कतै फरार नरहेको प्रष्ट पार्दै अहिले नागरिक उन्मुक्ति पार्टीबाट संघमा विजयपछि यो मुद्दा उठाउनु राजनीतिक पूर्वाग्रही भएको विज्ञप्तिमा उल्लेख छ, 'यो सम्पूर्ण आदिवासी थारु जाति, पहिचानवादीहरुको अर्को विभेद हो।'

# 'बुस्टर डोज' तत्काल व्यवस्था गर्न मन्त्री गिरीको निर्देशन

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्री पदम गिरीले कोरोना भाइरस संक्रमणका विरुद्धमा प्रयोग गरिने खोपको अतिरिक्त मात्र (बुस्टर डोज) तत्काल व्यवस्था गर्न निर्देशन दिएका छन्।

स्वास्थ्य सेवा विभागको बिहीबार अनुगमनका क्रममा उनले खुला सिमानाका कारण नेपालमा कोरोना भाइरसको संक्रमण थप फैलिनसक्ने भन्दै बुस्टर डोजलाई छिटोभन्दा छिटो लगाउने व्यवस्था मिलाउन निर्देशन दिएका हुन्। 'बुस्टर डोज लगाउन ढिला भइसक्यो। किन ढिला भयो,' उनले भने, 'आवश्यक कार्ययोजना बनाएर तत्काल बुस्टर डोज लगाउनका लागि प्रबन्ध गर्नुहोस्।'

मन्त्री गिरीले खरिद प्रक्रिया धेरै संवेदनशील विषय भएकाले शतप्रतिशत पारदर्शिता हुने गरी काम गर्न निर्देशन



दिए। भोलिका दिनमा कतै खरिद प्रक्रियाका सन्दर्भमा प्रश्न उठे स्वयम् जवाफदेही हुनुपर्ने उनको भनाइ थियो।

उनले स्वास्थ्य संस्था सूचना प्रविधिमैत्री बनाउन आग्रह गर्दै बिरामीले घरबाटै कुन अस्पतालमा कति सघन उपचार कक्ष (आइसियु) शय्या खाली छ भनेर थाहा पाउनुपर्ने बताए।

उनले स्वास्थ्य क्षेत्रमा जनताले अनुभूति गर्ने गरी परिवर्तन ल्याउनु आवश्यक रहेको बताए। 'विभागले जति जनताप्रति उत्तरदायी भएर काम गर्छ त्यति नै जनताले स्वास्थ्य सेवा प्राप्त गर्न सक्छन्', उनले भने। मन्त्री गिरीले विभागमा रहेका महाशाखाले आफूमा भएको कमिकमजोरी सुधार गर्दै सेवा प्रवाहलाई पारदर्शि र उत्तरदायी बनाउनुपर्नेमा जोड दिए।

उनले विभागबाट धेरै उपकरण अस्पतालमा पठाए पनि ती प्रयोग नभएको गुनासो आफूले सुन्ने गरेको भन्दै उपलब्ध उपकरणका बारेमा अवस्थाबुझि काम गर्न सम्बन्धित सबैलाई निर्देशन समेत दिए।

विभागका महानिर्देशक डा. दिपेन्द्ररमण सिंहले समग्र विभागको बारेमा जानकारी गराएका थिए। अनुगमनका क्रममा महाशाखाका निर्देशकले आफ्नो महाशाखाका दिने सेवाका बारेमा मन्त्री गिरीलाई जानकारी गराउनु भएका थिए।

## कामुकै...

जरुरी छ' वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले भने। उनले सरकार नै अस्तव्यस्त भएकाले रिक्त रहेका पदको सुनुवाई र नियुक्तिमा ढिलाइ भएको दाबी गरेका छन्।

न्याय परिषद्का तथ्यांकअनुसार सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित पाँच न्यायाधीशको पद रिक्त छ। त्यस्तै, देशभरका ७ उच्च अदालतमा मुख्य न्यायाधीशको पद रिक्त छ भने देशभरका जिल्ला अदालतमा ३२ न्यायाधीशको पद खाली छ।

**उच्च अदालत समेत कामु न्यायाधीशकै भरमा**

सर्वोच्च मात्रै होइन, देशभरका सात उच्च अदालतमध्ये ६ वटामा कायममुकायम मुख्य न्यायाधीशले नेतृत्व गरिरहेका छन्। गत भदौमा छनोट गरिएका न्यायाधीशलाई न्यायापरिषद्ले ६ महिना बितिसक्दा समेत मुख्य न्यायाधीशमा नियुक्त गर्नसकेको छैन। हाल उच्च अदालत पाटनमा महेशप्रसाद पुडासैनी, उच्च अदालत विराटनगरमा सत्यमोहन जोशी थारू, जनकपुरमा गुणराज ढुङ्गेल, पोखरामा डिल्लीराज आचार्य, तुलसीपुरमा गोपाल भट्टराई र सुर्खेतमा माधवप्रसाद पोखरेलले कायममुकायम मुख्य न्यायाधीशको नेतृत्व गरिरहेका छन्। कानूनमन्त्री नहुँदा न्यायापरिषदमा गणपुरक संख्या नपुग्ने भन्दै न्यायाधीश सिफारिस र पदस्थापना नगरेको परिषद्ले पूर्णता पाएको २ हप्ता बढी बितिसक्दा समेत प्रक्रिया अघि बढाउन सकेको छैन। संघदेखि प्रदेशसम्म धेरै दलको समर्थनमा अस्थिर सरकार गठन भएकाले अदालतमा समेत प्रधान्यायाधीश र न्यायाधीश नियुक्तिमा ढिलाइ भएको छ। न्यायाधीश नियुक्तिमा ढिलाइ हुँदा चलखेल बढेको भन्दै समयमै नियुक्तिका लागि कार्यविधिसमेत बनाइएको छ। तर, कार्यविधिअनुसार छनोट गरी नाम सार्वजनिक गरे पनि नियुक्तिमा ढिलाइ हुँदा थोरै जनशक्तिको भरमै मुद्दा फस्र्योट हुँदै आएको छ।

## परीक्षामा...

छन्, 'रास्वपाले कसलाई गृहमन्त्रीमा पठाउँछ, त्यो त्यही पार्टीको काम हो। रास्वपाले रवि लामिछानेलाई नै गृहमन्त्रीमा पठाउँछ भने अरूलाई के को टाउको दुखाइ ?'

अर्थात, जसपाले समर्थन फिर्ता लिन सक्ने भनेको छ। नाउपाले त २४ घण्टे अल्टिमेटमनै दिएको छ। दुई दिन भित्र गृहमन्त्रालय नपाए सरकारबाट बाहिरिने रास्वपाको चेतावनी छ। एमालेले पनि प्रचण्डमाथि नै दबाब बढाएको छ। यस्तो चौतर्फी प्रश्न र चौघेरा तोडेर अगाडि बढ्ने बाध्यतात्मक परीक्षामा छन् प्रधानमन्त्री प्रचण्ड।

कांग्रेस नेतृत्वको गठबन्धन तोडेर १० पुसमा प्रचण्डले एमालेसँग मिलेर सरकार बनाएका थिए। त्यसपछि नै प्रचण्ड परीक्षामा छन्। प्रधानमन्त्री भएको एक महिना कट्दा समेत प्रचण्डले खास नयाँपन दिन सकेका छैनन्। एमाले, राप्रपा र स्वतन्त्र पार्टीको गठजोडमा प्रधानमन्त्री बनेका प्रचण्ड गठजोड मिलाउन र त्यसमार्फत आफ्नो राजनीतिक एजेण्डा पूरा गर्ने प्रयासमा छन्। तर, उनलाई सजिलो भइरहेको छैन्। राप्रपाले संसदमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था उपर प्रश्न उठाउँदा समेत उनी मौन छन्।

साथसाथै, ब्युरोक्रेसीले समेत प्रचण्डलाई कस्तो साथ दिन्छन् भन्ने प्रश्न छ। प्रधानमन्त्रीलाई थाहै नदिइ ८७८ प्रकारका सूचनाको बर्गीकरण मुख्यसचिवले गरेको विषय बाहिरिसकेको छ। तर, पछि त्यो प्रधानमन्त्री प्रचण्डकै अग्रसरतामा रोकिन पुगेको छ। अर्थात, प्रचण्ड एकपछि अर्को परीक्षामा छन्। राष्ट्रपति निर्वाचनमा राष्ट्रिय सहमतिको कुरा गरेर प्रचण्डले कांग्रेससँगको दुरी कम गरेका छन्। राष्ट्रपतिको आशमा विश्वासको मत दिएको कांग्रेसको विश्वास निरन्तर लिइरहनु पनि प्रचण्डको अर्को चुनौती र परीक्षा दुबै हो।

## गृहमन्त्रीमा...

गैरसांसद पठाउनुहुन्छ भन्ने पत्रकारको प्रश्नमा प्रवक्ता ढकालले भने, 'जब प्रधानमन्त्रीले हाम्रो सभापतिलाई मन्त्रीको लागि नाम पठाउनुस् भन्नुहुन्छ। त्यसपछि पार्टी बैठक बस्छ र निर्णय गर्छ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा रास्वपा सभापति रवि लामिछाने उपप्रधान तथा गृहमन्त्री थिए। तर, नागरिकता विवादमा सर्वोच्च अदालतले लामिछानेको सांसद पद खारेज गरेपछि उनी उपप्रधान तथा गृहमन्त्रीबाट पनि पदमुक्त भए। लगत्तै नागरिकता लिएका लामिछानेले फेरि उपप्रधान तथा गृहमन्त्रीमा फर्किन चाहन्छन्।

यो चाहना पार्टीको बैठकमा पार्टी सभापति रवि लामिछानेले व्यक्त गर्दा रास्वपाका अन्य सांसदहरुले गृहमन्त्रालय लिने प्रयास अधिकत्तम गर्नुपर्ने तर, यसैलाई देखाएर सरकारबाट बाहिरिने निर्णय लिनु उपयुक्त नहुने बताएका छन्।

रास्वपाका केन्द्रीय सदस्य गणेश कार्की अहिले सरकारबाट बाहिरिँदा भागबन्डा नमिलेर हिँडेजस्तो सन्देश जाने हुँदा यसबारे थप छलफल गरेर निर्णय गर्ने कुरा भएको बताउँछन्। उनका अनुसार सरकार छाड्ने कि नछाड्ने भनेर थप छलफल गर्नुपर्नेमा सबैको साझा धारणा बनेको छ।

'हामी अहिले नै सरकारबाट बाहिरिँदा नराम्रो सन्देश जान्छ। भागबन्डा नमिलेर हिँडेजस्तो हुन्छ,' उनले भने, 'मन्त्रीहरूको काम राम्रो हो कि नराम्रो हो भनेर अहिले नै भन्न सकिएको छैन। तर जनताले सोचेजस्तो भएको छैन। त्यसैले अझै छलफल गरौं भन्नेमा सबैको धारणा छ।'

## काठमाडौंमा...

घिमिरेले जानकारी दिए। मलेसियाका गृहमन्त्री सैफुद्दिन कामदार आपूर्तिको महत्वपूर्ण एजेण्डासहित मलेसियाको श्रोत मुलुकका रूपमा रहेको नेपाल आएका हुन्। नेपाल आउनु अघि उनले उच्चस्तरीय मलेसियाली अधिकारीसहित मलेसियाका विदेशी कामदार आपूर्ति गर्ने प्रमुख श्रोत मुलुक इन्डोनेशियाको भ्रमण गरी कामदार आपूर्ति सम्बन्धमा छलफल गरेका थिए।

'फरेन वर्कर इम्प्लोइमेन्ट रिल्याक्सेशन प्लान' नीति लिएको मलेसियाले सेवा, औद्योगिक उत्पादन, कृषि तथा प्लान्टेसन र निर्माण क्षेत्रमा कामदारको अभाव झेलिरहेको छ। मलेसियाले तत्काल ५ लाख विदेशी कामदार लैजाने बताएको छ। उनले नेपालबाट आपूर्ति हुन सक्ने कामदारको सीप तथा संख्याका बारेमा बुझ्ने बताइएको छ।

मलेसियाका लागि नेपाली राजदूत डिल्लीप्रसाद पौडेलले मलेसियाले नेपाललाई पनि उच्च प्राथमिकतामा राखेको बताएका छन्।

मलेसियाका गृहमन्त्री सैफुद्दिनले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग पनि छलफल गर्ने छन्। छलफल तथा भेटवार्तामा निजी क्षेत्रलाई सहभागी गराइएको छैन। सञ्चारकर्मीलाई समाचार संकलनमा समेत अनुमति नरहेको श्रम मन्त्रालयका प्रवक्ता घिमिरेले बताए। भ्रमण सम्पन्न गरी उनी शनिबार बंगलादेश फर्कने कार्यक्रम रहेको बताइएको छ।

## युवतीलाई...

भन्ने उजुरीको आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरोले कुवेतस्थित नेपाली राजदूतावाससँगको समन्वयमा पीडितलाई कुवेतबाट उद्धार गरी नेपाल ल्याइएको बताएको छ।

उद्धारपछि माघ १० मा मात्र पीडितले ब्यूरोमा जाहेरी दिएकी थिइन्। प्रहरीले कुवेतमा बस्ने परिचय सार्वजनिक नगरिएका गिरोहका अर्का एक व्यक्तिले पीडितको मोबाइल नियन्त्रणमा लिई फेसबुकलगायतका सामाजिक सञ्जालबाट विभिन्न व्यक्तिहरुसँग अश्लिल कुराकानी गर्ने र उक्त कुराकानीको रेकर्ड पीडितको श्रीमानलगायतका आफन्तलाई पठाइदिनेसहित अन्य विभिन्न धाकधम्की दिएको खुलेको बताएको छ। साथै 'कुवेतमा आफू राजीखुसी आएको हुँ, बेचबिखनमा परेको छैन' भन्ने भिडियो बनाई नेपाल फर्केपछि कोही कसैलाई उजुरी गर्दिनँ भन्ने व्यहोराको कागजसमेत गराएको अनुसन्धानबाट खुल्न आएको ब्यूरोले बताएको छ।

ब्यूरोका प्रवक्ता एसपी दानबहादुर मल्लले घटनामा संलग्न फरार व्यक्तिहरुको खोजीका साथै यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जानकारी दिएका छन्।

# तीन उद्योगविरुद्ध मुद्दा दायर

झापा/मस- झापाका तीन उद्योग र एउटा विद्यालयको चमेनागृहविरुद्ध मुद्दा दायर गरिएको छ। गुणस्तरहीन एवं दूषित खाद्यवस्तु उत्पादन तथा बिक्री-वितरण गर्ने उद्योग एवं चमेनागृहविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरिएको खाद्य, प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख नारायणप्रसाद भट्टराईले जानकारी दिए। बुद्धशान्ति-३ स्थित भगवती वेभरेज इण्डष्ट्रिज, मेचीनगर-१३ स्थित भ्याली एग्रो फिड प्रालि, भद्रपुर-६ स्थित स्टार फिड्स इण्डष्ट्रिज र मेचीनगर-६ स्थित काँकरभिट्टा माविमा सञ्चालित चमेनागृहविरुद्ध मुद्दा दायर गरिएको हो।

भगवती वेभरेजद्वारा उत्पादित पानीमा कोलीफर्म भेटिएपछि जिल्ला अदालतमा मुद्दा दायर गरिएको हो। दूषित दाना उत्पादन तथा बिक्री वितरण गरिएको पाइएपछि स्टार फिडविरुद्ध मुद्दा दायर गरिएको छ। यस्तै अभिभावकको उजुरीका आधारमा काँकरभिट्टा माविको चमेनागृहमा अनुगमन गर्दा ढुसी परेको, सडेगलेको, गन्हाएको दूषित खाद्यवस्तु फेला परेपछि मुद्दा दायर गरिएको कार्यालय प्रमुख भट्टराईले बताए।

उनले भने, 'सरकारी मापदण्डअनुसारको खाद्यवस्तु उत्पादन भए नभएको हेर्ने गरेका छौँ।' मापदण्ड नपुगेका उद्योगलाई मापदण्ड पूरा गर्न निर्देशनसमेत दिएको उनले बताए। बजारमा रङ प्रयोग गरिएका भारतीय एवं लेवन नभएका नुडल्स् बिक्री-वितरण भइरहेका छन्। नेपालमा उत्पादित नुडल्स्मा रङ प्रयोग नभए पनि रङ प्रयोग गरिएका भारतीय नुडल्स् अनुगमनका क्रममा भेटिएको र तत्काल नष्ट गर्ने गरिएको प्रमुख भट्टराई बताए।

खाद्य पदार्थ र दाना गरी थप छ उद्योगको अनुसन्धान भइरहेको कार्यालयले जनाएको छ। गुणस्तर परीक्षणका लागि जिल्लामा प्रयोगशाला नहुँदा खाद्यवस्तुको परीक्षणमा समस्या हुने गरेको छ। विशेष गरी, दुग्धजन्य पदार्थ गुणस्तर परीक्षणमा समस्या हुने गरेको छ। जिल्लामा सङ्कलित खाद्यवस्तुको नमूना परीक्षणका लागि विराटनगर पठाउने गरिएको छ।

# बसको ठक्करबाट बालिकाको मृत्यु



काभ्रे/मस- नमोबुद्ध नगरपालिकाको भकुण्डेमा बसको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ। नमोबुद्ध नगरपालिका वडा ननम्बर ७ स्थित बीसकिलोमा बा २ ख ७३४२ नम्बरको बसले बिहीबार दिउँसो साढे ३ ठक्कर दिँदा पैदलयात्री स्थानीय कृष्णबहादुर अधिकारीका ८ वर्षीया छोरी दिविसाको मृत्यु भएको थियो।

जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेका अनुसार दुर्घटनापश्चात् आक्रोशित स्थानीयले बसमा आगजनी गरेका छन्। नमोबुद्ध नगरपालिकाको दमकल प्रयोग गरी आगो निभाइएको थियो। स्थानीयले करिब दुई घण्टा बीपी राजमार्गसमेत अवरोध गरेको प्रहरीले जनाएको छ। घटनाका कारण भकुण्डेबैंसी तनावग्रस्त बनेको थियो। घटनापश्चात् बसचालकलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।


**मलेशियामा रोजगार** | १. कम्पनी : FELDA PLANTATION MANAGEMENT SDN BHD | शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/३० | चलानी नं.: ६०१५३६३२ | LT. No.: 261673 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Planatation Worker | 300 | 0 | स. काममा दक्ष | 1200 | ३४,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FELDA TECHNOPLANT SDN BHD | शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/११/०५ | चलानी नं.: ६०१५१८३४ | LT. No.: 233355 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Plantation Sector) | 100 | 0 | स. काममा दक्ष | 1200 | ३४,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ROTI SEDAP SDN. BHD | शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०६/०१ | चलानी नं.: ६०१८७९०२ | LT. No.: 272108 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २७ गते (10 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं.: ६७८/०६३/०६४
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ०१-४५२७०५८
Email : info@sesnepal.com, gsesnepal@gmail.com, Website. www.sesnepal.com
Mobile: 9851128516,9819779867,9851171724



**साउदीमा रोजगार** | कम्पनीः ATTAA AL-MUSTAQBAL CON.EST | शहरः JUBAIL

पूर्व स्वीकृत मितिः २०७९/०७/०७ | चलानी नं.: ६०१८९९७६ | LT. No.: 274393 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः PERANAKAN MANSION SDN BHD | शहरः Malaysia, Putrajaya

पूर्व स्वीकृत मितिः २०७९/१०/१९ | चलानी नं.: ६०१९५९२६ | LT. No.: 280382

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 10 | 0 | स. काममा दक्ष | 1500 | ५२,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**मलेसियामा रोजगार** | कम्पनी : GoodFood Industries Sdn.Bhd. | शहरः Malaysia,JALAN

पूर्व स्वीकृत मितिः २०७९/०७/०२ | चलानी नं.:६०१८९७२४ | LT. No.: 274034 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TOPLINE SAFETY GLASS (M) SDN BHD. | शहरः JALAN

पूर्व स्वीकृत मितिः २०७९/०३/२० | चलानी नं.: ६०१८२४७१ | LT. No.: 266537 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 57 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YH PRECISION (M) SDN.BHD. | शहरः SELENGOR

पूर्व स्वीकृत मितिः २०७९/०३/१८ | चलानी नं.: ६०१८२३१३ | LT. No.: 266358 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 13 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WAISUN CONFECTIONERY SDN BHD | शहरः SELENGOR

पूर्व स्वीकृत मितिः २०७९/०३/०२ | चलानी नं.: ६०१८११८२ | LT. No.: 265057 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २७ गते (10 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**वि. एस. ओभरसिज प्रा. लि.**
B.S. OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En



**UAE मा रोजगारको अवसर** | कम्पनीः THE MAID CLEANING SERVICE | शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/१०/१९ | चलानी नं.: ६०१९५९८८ | LT. No.: 280435

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 20 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २७ र २८ गते (10 & 11 Feb. 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

# संसद्को भूमिका जनउत्तरदायी बनाइनुपर्छ : सभामुख

**काठमाडौं/मस–** प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसद्को भूमिकालाई जनउत्तरदायी र प्रभावकारी बनाइनुपर्ने खाँचो औंल्याएका छन् ।

जनप्रतिनिधिले जनतासमक्ष गरेको बाचा संसदीय विधि र प्रक्रियाद्वारा अनुमोदित गर्ने र जनताप्रति जवाफदेही रहने मुख्य थलो संसद् नै भएकाले यसको गरिमालाई उँचो बनाउने गरी जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न उनले सांसदलाई अनुरोध गरे ।

संघीय संसद् सचिवालयले प्रतिनिधिसभाका सांसदका लागि आयोजना गरेको 'संसदीय प्रक्रिया र अभ्यास' विषयक अभिमुखिकरण कार्यक्रमको बिहीबार उद्घाटन गर्दै सभामुख घिमिरेले संसदीय व्यवस्था र प्रणालीलाई उँचो बनाउन सांसदको भूमिका प्रभावकारी हुनुपर्नेमा जोड दिए ।

उनले भने, 'संसदीय व्यवस्था र प्रणालीको गरिमा बढाउन र संसद्को भूमिकालाई जनउत्तरदायी बनाउन विज्ञ सरोकारवालाबाट प्रस्तुत हुने ज्ञान, सीप र अनुभवले संसदीय भूमिकालाई थप सिर्जनशील बनाउन मद्दत पुग्नेछ ।'

उनले विगतका कतिपय संसदीय अभ्यास जनउत्तरदायी नभएको गुनासो बढेको भन्दै नयाँ परिस्थितिमा संसदीय भूमिकालाई प्रभावकारी बनाउन जरुरी रहेको उल्लेख गरे ।

'संसद्को सर्वोच्च निकाय संसद्प्रति देशले आशा गरेको छ । संसद्को आफ्नै प्रक्रिया र अभ्यास छ । विषयगत र जनउत्तरदायी भएर संसदीय काम कारबाहीलाई जनताप्रति जवाफदेही र पारदर्शी ढङ्गले अघि बढाउन दुई दिने अभिमुखीकरणले मद्दत पुग्ने विश्वास लिएको छु', उनले भने ।

उनले संसदमा प्रतिपक्षको भूमिकालाई प्रभावकारी ढङ्गबाट अभिव्यक्ति गर्ने, त्यसलाई व्यवहारमा उतार्नका लागि भूमिका खेल्न आग्रह पनि गरे । संसद्लाई प्रभावकारी बनाउने भूमिका सरकारको रहेको उल्लेख गर्दै सरकारका ऐन, कानुन बनाउने, देशको बजेट निर्माणलगायतका काम गर्दै प्रतिपक्षी दललाई पनि समन्वय गरेर लैजान सरकारको पनि जवाफदेहिता जरुरी भएको धारणा राखे ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री ध्रुवबहादुर प्रधानले संसदीय प्रक्रिया र अभ्यासको व्यवहारिक कार्यान्वयन गर्दै संसदीय गरिमा कायम गर्न सबैको सक्रिय भूमिका चाहिने औंल्याए ।

उनले संसदीय अभ्यासमा आफ्नो पहिलो उपस्थिति रहेको भन्दै संसदीय प्रक्रिया र अभ्यासको विद्यार्थीका रुपमा रहेर जिम्मेवारी निर्वाह गर्ने विश्वास व्यक्त गरे । 'संसदीय प्रक्रिया र अभ्यासमा मेरो पहिलो उपस्थिति हो । संवैधानिक अभ्यास अवलम्बनको अहिलेसम्म आइपुग्दा ठूलो उपलब्धि हो', उनले भने ।

संसद्को प्रभावकारी भूमिका र गरिमा बढाउन संसदीय प्रक्रिया र पद्धत्तिको कुशल अवलम्बन गरेर मात्रै संसदीय दायित्व निर्वाह हुने र जनताप्रति उत्तरदायी हुने भएकाले यहाँ प्रस्तुत हुने व्यवहार र विचारलाई मर्यादित र संसदीय व्यवहारअनुरुप हुनुपर्ने उनको भनाइ छ ।



उपसभामुख इन्दिरा रानाले संसद्को गरिमालाई उँचो बनाउन सांसदहरुको प्रभावकारी भूमिका हुने विश्वास व्यक्त गरिन् । उनले भनिन्, 'म आफू पनि संसदीय अभ्यास सिक्ने क्रममा छु, शब्द चयन, विषयवस्तुमाथि विचार र अभिव्यक्ति व्यक्त गर्दा सचेत हुनुपर्छ ।'

उपसभामुख रानाले संसद्मा उपसभामुखको भूमिका प्रभावकारी बनाउनुपर्ने बताइन् । 'म उपसभामुख भएर देशका विभिन्न स्थानमा सरोकारवालासँग कुराकानी गर्दा उपसभामुख 'चुप' मात्र रहेको भन्ने गुनासो पाएको छु, 'उप-चुप' होइन 'उप उपर जाने' हो भन्दै आएकी छु ।' जनप्रतिनिधिले जनताको चाहना अनुरुप संसदीय प्रक्रिया र प्रणालीमार्फत् जनउत्तरदायी बन्नुपर्ने उनको भनाइ छ ।

संघीय संसद्का महासचिव डा.भरतराज गौतमले संसदीय प्रक्रिया र अभ्यासबारे सांसदलाई अभिमुखिकरण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

उनले संसद्को प्रमुख कार्य सरकार गठन, कानुन निर्माण, सरकारको नीति तथा कार्यक्रममा छलफल, वार्षिक बजेट निर्माण तथा सरकारको काम कारबाहीको निगरानी गर्दै सरकारलाई संसद्प्रति उत्तरदायी बनाउने प्रमुख भूमिका रहेको उल्लेख गरे ।

कार्यक्रममा संविधानसभाका अध्यक्ष एवं पूर्वसभामुख सुवासचन्द्र नेम्वाङले संसद्को मर्यादा र सांसदको भूमिका विषयमा प्रशिक्षण दिनेछन् । संसदीय प्रक्रिया र अभ्यासबारे पूर्वउपसभामुख पुष्पा भुसालले प्रस्तुति दिनुहुनेछ भने संसदीय समिति प्रणाली, अभ्यास र संसदीय निगरानीबारे वरिष्ठ अधिवक्ता तथा संविधानसभा सदस्य खिमलाल देवकोलाले प्रशिक्षण दिनेछन् ।

त्यसैगरी, पूर्वअर्थमन्त्री डा.युवराज खतिवडाले योजना तर्जुमा, बजेट निर्माण, आर्थिक कार्यविधि र संसद्को भूमिका विषयमा प्रस्तुति दिनेछन् । नेपाल कानुन आयोगका पूर्व अध्यक्ष माधव पौडेल, नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष डा.विष्णुराज उप्रेती र संसद् सचिवालयका सचिव डा.रोजनाथ पाण्डेले प्रशिक्षण दिने कार्यतालिका छ ।

# १५० डिएसपी र ९५ एसपीको सरुवा

**काठमाडौं/मस–** नेपाल प्रहरीका एक सय ५० प्रहरी नायब उपरीक्षक (डिएसपी) र ९५ प्रहरी उपरीक्षक (एसपी) को सरुवा भएको छ । प्रहरी महानिरीक्षक धीरजप्रसाद सिंहको निर्णयअनुसार उनीहरुलाई सरुवा गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरीले यसअघि केही प्रहरी नायब उपरीक्षक (डिएसपी) र प्रहरी उपरीक्षक (एसपी) लाई काज सरुवासमेत गरेको थियो । सरुवाअनुसार नेपाल प्रहरी पहरा गण सामाखुशी, काठमाडौंबाट कोमल शाहको जिल्ला प्रहरी कार्यालय पर्सामा सरूवा भएको छ । काठमाडौं उपत्यका सशस्त्र प्रहरी गण नम्बर २ महाराजगन्जका दिलिप घिमिरेको जिल्ला प्रहरी कार्यालय इलाममा सरूवा भएको छ । उनको ठाउँमा जिल्ला प्रहरी परिपर काठमाडौंका दिनेशराज मैनालीलाई सरूवा गरिएको छ । परिसरमा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका सीताराम रिजालको सरूवा भएको छ । यस्तै नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग अपराध अनुसन्धान रणनिती तथा कार्य योजनाका अनुपम श्रेष्ठको जिल्ला प्रहरी कार्यालय गोरखामा सरूवा भएको हो । सप्तरीमा रहेका अबि नारायण काफ्लेलाई काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय अन्वेषण योजना तथा विकास शाखाका सरूवा गरेको छ । त्यहाँ रहेका अवदेश विष्ट क्षेत्रीको जिल्ला प्रहरी कार्यालय तनहुँमा सरूवा भएको थियो । केन्द्रीय अनुसन्धान ब्युरोमा रहेका कमल थापालाई जिल्ला प्रहरी कार्यालय कन्चनपुर पठाइएको छ । त्यसैगरी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा रहेका कृष्णप्रसाद कोइरालाको जिल्ला प्रहरी कार्यालय धनकुटामा सरूवा भएको छ ।

# काठमाडौं महानगरमा १ सय ५८ सीसीटिभी क्यामरा चालु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ माघ

काठमाडौं महानगरपालिका र नेपाल प्रहरीको सहकार्यमा जडान गरिएका १ सय ६५ वटा सीसीटिभी क्यामरामध्ये अहिले १ सय ५८ वटा चालु अवस्थामा रहेका छन् । राखिएकामध्ये सडक विस्तारका क्रममा ७ वटा प्रयोग विहिन भए । उपत्यका प्रहरी कार्यालय रानीपोखरीकाअनुसार उपत्यकामा भएका ३ हजार २३१ सीसीटिभी क्यामरामध्ये १ हजार ५१ वटाको दृश्य कन्ट्रोल रुमबाट निगरानी हुन्छ । सहकार्यमा जडान भएका सीसीटिभी क्यामराको प्रयोग कसरी भइरहेको छ ? जानकारी लिनका लागि मंगलबार महानगरका प्रवक्ता एवं सूचना प्रविधि समितिका संयोजकसहित पदाधिकारी उपत्यका प्रहरी कार्यालय रानीपोखरी पुगेको थियो । त्यस क्रममा प्रहरी उपरीक्षक कृष्णबहादुर धितालले, सहकार्यबाट जडान भएका सीसीटिभी क्यामराका विषयमा जानकारी गराएका हुन् । सो क्रममा सीसीटिभी कन्ट्रोल रुम, सर्भर कक्ष, भिडियो वाल, प्रहरी सहयोगका लागि गरिने आकस्मिक फोन १०० (कल सेन्टर) सञ्चालन व्यवस्थापन अनलोकन गरिएको थियो । सीसीटिभीबाट सहरी गतिविधिको निगरानीका विषयमा जानकारी लिइसकेपछि प्रवक्ता मानन्धरले, शान्ति सुरक्षा र सहरी व्यवस्थापनका कोणबाट सीसीटिभी जडान गरिनुपर्ने बताए । 'शान्ति सुरक्षाका लागि नेपाल प्रहरीसँग सहकार्य जारी रहन्छ । यहाँ प्राप्त हुने दृश्य अनुसन्धानका लागि प्रयोग हुन्छन् । व्यक्तिको गोपनीयतासँग जोडिएका हुन्छन् । यसको सञ्चालन व्यवस्थापन प्रहरीसँगै उपयुक्त हुन्छ ।' प्रवक्ताले थप्दै भने, 'फोहोर व्यवस्थापन, निर्माण सामग्रीको प्रयोगजस्ता कतिपय सहरी व्यवस्थापनका क्रियाकलापसँग सम्बन्धित दृश्य वडा समितिको पहुँच हुने बनाउनुपर्छ । सहकार्यमा यस्ता विषयलाई स्पष्ट पारेर अगाडि बढौं ।'

**१ हजार ५१ वटाको दृश्य कन्ट्रोल रुमबाट निगरानी**

प्रहरी कक्षबाट सञ्चालित सीसीटिभीका विषयमा जानकारी गराउँदै प्रहरी उपरीक्षक धितालले भने, 'हामीले घटनालाई बर्गीकरण गरेर राखेका छौं । घटनासँग सम्बन्धित दृश्यहरु समस्या समाधानका लागि उपलब्ध गराउने गरेका पनि छौं । सवारी दुर्घटना, सामान छुटेको हराएको, चोरी भएको, लुटपाट भएको, सवारी साधन हराएको, मानिस हराएको जस्ता विषयमा हामीलाई दृश्य माग हुने गरेका छन् । प्रचलित कानुनले उपलब्ध गराउन मिल्ने खालका दृश्य हामी सम्बन्धितलाई उपलब्ध गराउँछौं ।' यसरी उपलब्ध गराइएका दृश्यले प्रहरीमा प्राप्त भएका उजुरीमध्ये ६१ प्रतिशत विवाद सुल्झिएको प्रहरी उपरीक्षक धितालको भनाइ छ ।

निरीक्षणका क्रममा सूचना प्रविधि समितिका सदस्य एवं वडा १९ का अध्यक्ष राजेश श्रेष्ठ, समितिका सदस्य सचिव एवं सूचना प्रविधि विभागका प्रमुख नमराज ढकाललगायत अधिकारीहरु सहभागी थिए । २०७५ माघ २५ गते बसेको नगर कार्यपालिकाको बैठकले सहरमा शान्ति सुरक्षा कायम गर्न तथा सहरी व्यवस्थापनका क्रियाकलापमा निगरानी गर्नका लागि सीसीटिभी क्यामरा जडान, सञ्चालन, मर्मत सम्भार र सूचनाको उपयोग गर्ने प्रणालीका लागि नेपाल प्रहरीसँग सहकार्य गर्ने निर्णय गरेको थियो ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०९/१६ गतेमा दर्ता कायम भएको **उज्वल कृषि फर्म प्रा.लि. (दर्ता.नं. २५१७६२/०७७/०७८)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/१०/१६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१०/२०**

**एटलास सिभिल वर्कस प्रा.लि.** को मिति २०७९/०९/१३ र २०७९/०८/२० गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ऋद्धि इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा.लि. (प्रा.लि.नं.: १७१९९५)** साथै साविक ठेगाना सुर्यविनायक न.पा.–२, भक्तपुर लाई परिवर्तन गरी **का.म.न.पा.–३२, काठमाडौं** कायम गर्ने गरी मिति २०७९/०९/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

## दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभागको सूचना

**सूचना प्रकाशित मिति :२०७९/१०/२०**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री Seven Seas Intercontinental Services Pvt.Ltd. **(इ.प.नं. ८८८/०६७/०६८)**, तपसिल बमोजिमका सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु तपसिल बमोजिमका खरिदकर्ताहरुलाई बिक्री गरी दिई खरिदकर्ताहरुको नाममा शेयर दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम/शेयर संख्या |
|---|---|
| १. श्री देवेन्द्र प्रसाद बजगाई (कि.नं. ०१ देखि ५००००) | १. श्री आशा बजगाई थापा (कि.नं. ०१ देखि २४०००)<br>२. श्री रमेश कार्की (कि.नं. २४००१ देखि ३७०००)<br>३. श्री राम प्रसाद बजगाई (कि.नं. ३७००१ देखि ४२०००)<br>४. श्री विप्लव बजगाई (कि.नं. ४२००१ देखि ४७०००)<br>५. श्री मनोज बराई मगर (कि.नं. ४७००१ देखि ५००००) |

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस World at Work Consultant Pvt.Ltd. **श्रम इजाजत पत्र न. १४९९/०७४/०७५** मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

| S.n. | Name Of Staff | Position | Citizenship No. |
|---|---|---|---|
| 1 | Devendra Kumar Angbuhang | Assistant | 0110049 |
| 2 | Alisha Adhikari | Reception | 05-01-77-02362 |
| 3 | Laxmi Khatri | Documention | 36017503767 |
| 4 | Prakash Bhattrai | Documention | 2766 |
| 5 | Sanjay Karki | Chief Executive Officer | 11803930/6599 |
| 6 | Tapi Maya Rai | Kitchen Staff | 8048/232 |
| 7 | Abhishek Prasai | Business Development Manager | 04-0169-05399 |

श्रम इजाजत पत्र नं. १४९९/०७४/०७५
**World At Work Consultant Pvt.ltd.**
Jayabageshwori-8, Kathmandu | Tel: 01-44596660 9841397451/9841207211/9851210146
Email: Gopalkoirala.waw@gmail.com, Www.waw@gmail.com

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/१०/२०**

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०७९/०९/१३ मा प्रकाशित सूचना अनुसार पर्न आएका वोलपत्रहरु मध्ये तपशिल बमोजिमको वोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैका जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | सिलबन्दी नं. | योजनाको नाम | दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically `12.00 O'clock | Date of Bid Opening, 13.00 O'clock | Bid Security, NRs. | Account Details |
|---|---|---|---|---|---|---|
| NCB/MM/Ruk.w/W.05_079/080 | Upgrading of Chhibangjiula – Dopai – Bagkhor Road | 5000.00 | 2079.11.25 BS 2023.03.09 AD | 2079.11.25 BS 2023.03.09 AD | 7,40,000.00 | Internal Revenue : 07703000001001000001 Dharauti : 07703000003000000001 |

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## राष्ट्रिय विलक्षण प्रतिभा सम्मानबाट विभिन्न श्रष्टा सम्मानित

**काठमाडौं/मस-** नेपाली चलचित्र, गीतसंगीत, सौन्दर्यकला तथा समाजसेवामा निरन्तर योगदान दिएका विभिन्न श्रष्टाहरु सम्मानित भएका छन्। विलक्षण क्रियसन प्रा.लि. तथा ब्युटी न्यूज नेपालको छैटौं वार्षिकोत्सवको अवसरमा काठमाडौंको नाचघरमा आयोजित 'राष्ट्रिय विलक्षण प्रतिभा सम्मान-२०७९'बाट उनीहरु सम्मानित भएका हुन्।

वरिष्ठ अभिनेत्री बसुन्धरा भुसाल, सांस्कृतिक संस्थानका महाप्रबन्धक अशोक प्यासी राई, अग्रज लायन्स रेश्मा श्रेष्ठ, सोनी कारँजितलगायतले श्रष्टाहरुलाई कार्यक्रममा सम्मान प्रदान गरेका हुन्। यसरी सम्मानित हुनेमा साहित्य क्षेत्रबाट अग्रज पुस्तक सम्पादक पारशप्रकाश नेपाल र उपन्यासकार सुरेन्द्र महर्जन 'अमर' रहेका छन्। सौन्दर्यकला क्षेत्रबाट ब्युटिसियनहरु अनिता खड्का रायमाझी, रश्मिला श्रेष्ठ र सोनी शाह सम्मानित भए।



यस्तै चलचित्र क्षेत्रबाट सम्मानित हुनेहरुमा चलचित्र अभिनेता, निर्माता तथा वितरक करण श्रेष्ठ 'क्रेजी', महिला चलचित्र निर्देशक लछु गौतम, निर्देशकहरु नरेन श्रेष्ठ, कल्याण अधिकारी, हास्य अभिनेता बेगम नेपाली 'भट्भटे माइला', सिनेमाटोग्राफर कृष्णबहादुर थापा, कोरियोग्राफर जोगेन्द्र केसी र कृष्ण रसाल रहेका छन्।

फेशन डिजाइन क्षेत्रबाट काजल शर्मा, दिलमाया मगर, कोरियोग्राफीबाट अश्विनी कान्त झा, समाजसेवाबाट ज्योति घिमिरे र सुनकुमारी श्रेष्ठ सम्मानित भए। यस्तै व्यवसाय क्षेत्रबाट व्यवसायी शोभा गुरुङ, युवा उधमी बालकृष्ण पोखरेल र श्रष्टा दिलिप केसी सम्मानित भए।

नेपाली संगीत क्षेत्रबाट अग्रज गीतकारहरु प्रकाश सुवेदी, कमला रिसाल, प्रतिमा गुरुङ, गायक नारायण थापा, गायक ओम सुनार, गायिका केन्जुमा सुब्बा, गायक चिरञ्जिवी भण्डारी, गायक भारत सामरी, संगीतकार योगेन्द्र उपाध्याय र संगीत संयोजक शाहस शाक्य सम्मानित भए। सञ्चारबाट चलचित्र पत्रकार जीवन पराजुली र फोटो पत्रकार सुरेन्द्र थापा सम्मानित भए।

आ-आफ्नो क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका श्रष्टाहरुलाई हरेक वर्ष सम्मानित गरेर विलक्षण क्रियसन प्रा.लि.ले उनीहरुको हौसला बढाउने काम गरेको वरिष्ठ अभिनेत्री बसुन्धरा भुसालले बताइन्।

कार्यक्रमको प्रमुख अतिथि खानेपानी मन्त्री अब्दुल खानले यात्राको क्रममा कार्यक्रममा समयमा आउन नसके पनि फोनबाटै सबैलाई शुभकामना व्यक्त गरे।

लायन्स जोन चेयरपर्सन तथा आयोजक संस्थाकी सल्लाहकार वरिष्ठ ब्युटिसियन सोनी कारँजितले आफूहरुले विलक्षण क्रियसनबाट हरेक वर्ष विभिन्न कार्यक्रम गरेर नेपाली गीतसंगीत, सिनेमा तथा सौन्दर्यकला क्षेत्रमा योगदान पुऱ्याउँदै आएको बताइन्।

प्रतिभालाई प्रोत्साहन गर्न आफूहरुले विगत ६ वर्षदेखि नै श्रष्टालाई सम्मान गर्दै आएको विलक्षण क्रियसनका अध्यक्ष डब्बु क्षेत्रीको भनाइ थियो। कार्यक्रममा गायिका सोनी राजभण्डारीले गीत प्रस्तुत गरेर दर्शकको मन जितिन्।

## दुबईमा हुने फिल्म फेस्टिभलबारे बोल्यो बोर्ड

**काठमाडौं/मस-** चलचित्र विकास बोर्डले दुबईमा हुने नेपाल सिनेमा फेस्टका लागि सूर्य कर्पोरेसनलाई व्यवस्थापकीय जिम्मेवारी मात्रै दिइएको बताएको छ। बिहीबार एक विज्ञप्तिमार्फत बोर्डले सूर्य कर्पोरेसनसँग सहकार्य गरेको नभई उसलाई व्यवस्थापकीय जिम्मेवारी मात्र दिएको स्पष्टीकरण दिएको हो। यसका लागि बोर्ड र कर्पोरेसनबीच एमओयू सम्झौतामा हस्ताक्षरसमेत भइसकेको जनाइएको छ।

'नेपाली सिनेमा र पर्यटनलाई विश्वमाझ लैजाने' नारासहित चलचित्र विकास बोर्डको आयोजनामा दुबईमा हुन लागेको अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा चलचित्र 'ऐना झ्यालको पुतली' र 'कबड्डी ४' प्रदर्शन गरिनेछ।




यसवर्ष नेपालबाट ओस्कार अवार्डमा सिफारिस भएको र बुसान फेस्टिभलमा आधिकारिक छनोट भएकाले चलचित्र 'ऐना झ्यालको पुतली'लाई प्रदर्शन गर्न लागिएको बोर्डले जनाएको छ। त्यस्तै, नेपाली चलचित्रको बक्स अफिस इतिहासमा सर्वाधिक ग्रस कलेक्सन गरेको फिल्म भएको कारण 'कबड्डी ४' प्रदर्शन गर्न लागिएको हो।

चलचित्रलाई यूएईस्थित कूटनीतिज्ञ, व्यवसायी, नेपाली समुदाय तथा फिल्ममेकरले हेरेर छलफल चलाउनेछन्।

महोत्सवको प्रमुख उद्देश्य नेपाली फिल्मको अन्तर्राष्ट्रियकरण र विदेशी बजार विस्तार गर्नु रहेको बोर्डले जनाएको छ जसका लागि ३० लाख रुपैयाँ बजेट विनियोजन भइसकेको छ। आयोजनामा हुने फेस्ट यही माघ २९ गतेदेखि फागुन ३ सम्म चल्नेछ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/१०/२०**

यस कार्यालयमा मिति २०७६/०९/२५ मा दर्ता भएको **प्रा.लि.नं. २३२२८७** को **खजुरी ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०९/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **Destiny Human Resource Nepal Pvt. Ltd.** श्रम इजाजत पत्र न. ७८९/०६५/०६६ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.न. | नाम | पद |
|---|---|---|
| १ | ठाकुर खत्री | संचालक |
| २ | मनिषा भण्डारी | रिसेप्शनिष्ट |
| ३ | गंगा लुईटेल | स्थानिय बजार प्रतिनिधि |
| ४ | सन्तोषि राई | डकुमेन्टेसन |
| ५ | हिरा मगर | रिसेप्शनिष्ट |
| ६ | संजिब जंग कुवर | अन्तराष्ट्रिय बजार प्रतिनिधि |
| ७ | ललिता खड्का | रिसेप्शनिष्ट |
| ८ | निरज बुढाथोकी | अन्तराष्ट्रिय बजार प्रतिनिधि |
| ९ | बलराम खड्का | श्रम प्रतिनिधि |

DHR Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email: info@destinynepal.com

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **इलान इन्टरनेशनल प्रा. लि. श्रम इजाजत पत्र न. २०४/०५७/०५८** मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| S.N. | Name of Staff | Position | Citizenship No. | Address |
|---|---|---|---|---|
| 1. | Rajesh Gurung | PRO | 14961 | Lamjung |

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोन: ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्स: ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**प्रकाशित मिति २०७९/१०/२०**

कम्पनीको मिति २०७९/०८/२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक उमा महेश्वर स्कुल प्रा.लि. (द.नं.१९८२३/०५९/०६०) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्नु बुझाउनु पर्ने कर दायीत्व आदी परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार नाम परिवर्तन गरि **सम्पदा स्कुल प्रा.लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **Paramount Human Resources Pvt. Ltd.**. **श्रम इजाजत पत्र न. ३१९/०५९/०६०** मा कार्यरत निम्न कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| S. N. | Name of the Staffs | Position | Citizenship No. |
|---|---|---|---|
| 1. | Jiwan Thapa | Accountant | 3567 |
| 2. | Samjhana Thapa Magar | Karyalay Sahayogi | 78513 |

**Paramount Human Resources Pvt. Ltd.**
Lampati, Kalanki 14, Kathamandu, Nepal, Tel. No.: 01-4445936

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **Elite H.R. Solution Pvt. Ltd.**. **श्रम इजाजत पत्र न. १३६१/०७४/७५** मा कार्यरत निम्न कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| S.N. | Name of the Staffs | Position |
|---|---|---|
| 1. | Anusha Bam | Receptionist |

Govt Lic. NO. 1361/074/075
**Elite H.R. Solution Pvt. Ltd.**
Sinamangal-9, (Opp. Nobel Hospital) Kathmandu, Tel.: 4116678, 4116679
P.O. Box : 2070, E-mail : elitehrsolution1361@gmail.com, Web.: elitenepal.com

**श्री तालखोला चौतारी सा.ब.उ.समुह परशुराम न.पा.९ को काठ लिलाम बिक्री सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१९ गते ।**

डडेल्धुराको परशुराम नगरपालिका वार्ड नं.०९ मा रहेको श्री तालखोला चौतारी सा.व.उ.समुह ९ को वन क्षेत्रबाट आ.व.०७८/७९ बिरथला स्थित घाटगद्धीमा लट नं.१ र २ बनाई राखिएकोमा साल, सल्ला र सादन प्रजातीको जम्मा गोलिया थान १४२ को परिणाम १५५०.१९ क्युफिट काठ जे जस्तो अबस्थामा छ।
सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री बितरण गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ व्यहोरा अबगत गराईन्छ।

**अध्यक्ष**

**बहराइन, युएईमा रोजगार** | १. कम्पनी : **ALMOYYED CONTRACTING GROUP** शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/०२/०६ | चलानी नं.: ६०१५८४२८ | LT. No.: 240486 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 50 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 27 | 0 | | 100 | ३४,६९२ | | | | | | | |

२. कम्पनी : **LAVAJET COMPANY ALAIN** शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/१०/१९ | चलानी नं.: ६०१९५९८५ | LT. No.: 280430

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | स. काममा दक्ष | 800 | २८,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २७ गते (10 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**Kohalpur Municipality**
**Office of Municipal Executive**
**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

**Invitation For Sealed Quotation**

**Date Of Publication:2079/10/20 ( Feb-03-2023 )**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur,Banke invites electronic sealed quotations from registered Suppliers for the supply and delivery of the following goods:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/G/SQ-02/2079/080 | Procurement of Total Station with in built Guide Light, 5" Angular Accuracy, 1" Least Count and Reflectorless Range of 1640 ft. alongwith Accessories. | 45 days | 45,000.00 | 1000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission | 2079/11/10 (Feb-22-2023) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2079/11/10 ( Feb-22-2023 ) ; at 1:00 PM, At Kohalpur Municipality Office,Kohalpur, Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank, Kohalpur, Banke, AC. Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur, Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

Far Western University
**Durgalaxmi Multiple Campus**
Attariya , Kailali

**Invitation For Online Bids**

Date of First Publication: 2079/10/19 ( 2nd February, 2023)

The Durgalaxmi Multiple Campus invites online bids under e-procurement system from eligible bidders for the procurement of following work. The bidders can visit the PPMO website: www.bolpatra.gov.np/egp for the brief description with public entity name: Durgalaxmi Multiple Campus

| S. N. | Contract ID | Name of Projects | Estimated Amount (without VAT) NRs. | Bid Security Amount (NRs.) | Bid Doc. Fee (NRs.) | Final Bid Submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | DLMC/WORKS/NCB/2079/80 | Construction of two-classroom building | 64,56,849.52 | 1,85,000.0 | 3,000.00 | 5th March 2023, 12:00 PM | |

**Campus Chief**

कर्णाली प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश अस्पताल**
विरेन्द्रनगर सूर्खेत, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति : २०७९/१०/२०**

अस्पतालबाट तपशिल बमोजिमको कार्यका लागि मिति २०७९/०९/२० गते मध्यान्ह राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित सूचना बमोजिम www.bolpatra.gov.np/egp मा पेश भएका बिद्युतिय बोलपत्रमध्ये तपशिलको बोलपत्र न्यून मूल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि.नं. | ठेक्का नं. | कामको नाम | बोलपत्रदाताको नाम, ठेगाना | मु.अ.कर बाहेक सकार रकम |
|---|---|---|---|---|
| 1 | PH/Karnali/NCB –22/079/080 | Supply of Rasan for NRH Patient. | सहारा सप्लायर्स, वीरेन्दनगर सुर्खेत | १०,९०,५४७.०० |

**अस्पताल निर्देशक**

# सन्दीप पनि राष्ट्रिय टिममा दोस्रो चरणमा २० खेलाडी छनोट




**काठमाडौं/मस-** पूर्वकप्तान सन्दीप लामिछानेलाई समेट्दै नेपाल क्रिकेट संघ (क्यान)ले बन्द प्रशिक्षणको दोस्रो चरणमा २० खेलाडीलाई राखेको छ । क्यानले बिहीबार सन्दीपसहित दोस्रो चरणको बन्द प्रशिक्षणमा समेटिएका २० खेलाडीको नाम सार्वजनिक गरेको हो । बलात्कार आरोपको मुद्दामा धरौटीमा रिहा भएका सन्दीपमाथिको निलम्बन क्यानले गएको मंगलबार फुकुवा गरेको थियो । यसअघि क्यानले बन्द प्रशिक्षणको पहिलो चरणमा २८ खेलाडीलाई बोलाएको थियो ।

आईसीसी विश्वकप लिग-२ अन्तर्गत नेपाल, नामिबिया र स्कटल्यान्डबीचको त्रिकोणात्मक एकदिवसीय सिरिजका लागि क्यानले दोस्रो चरणको राष्ट्रिय क्रिकेट टिम घोषणा गरेको हो ।

राष्ट्रिय क्रिकेट टिमका प्रमुख छनोटकर्ता दीपेन्द्री चौधरीले सन्दीपलाई बिहीबारदेखि होटलमा राखिएको बताउँदै शुक्रबार फिटनेस ट्रेनर, फिजियो र प्रशिक्षकले सन्दीपको अवस्था हर्ने बताए । सन्दीप खेल्नयोग्य भए खेलाउने उनको भनाइ थियो ।

गत पुस २८ गते उच्च अदालत पाटनले सन्दीपलाई २० लाख धरौटीमा छाड्न आदेश दिएको थियो । सन्दीप पुस १९ गते धरौटी बुझाएर थुनामुक्त भएका थिए । यता सन्दीपलाई धरौटीमा छाड्ने उच्च अदालत पाटनको आदेशविरुद्ध सर्वोच्च अदालतमा मंगलबार निवेदन परेको थियो । महान्यायाधिवक्ता कार्यालयले उच्च अदालतको आदेश बदरको माग गर्दै सन्दीपलाई थुनामै राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने माग गर्दै सर्वोच्चमा निवेदन दिएको हो । उक्त निवेदनमा शुक्रबार सर्वोच्च अदालतमा सुनुवाइ हुँदै छ ।

सूर्य तामाङ र मौसम ढकालले दोस्रो चरणको टिममा पनि स्थान बनाएका छन् । विनोद भण्डारी, सागर ढकाल, सिद्धान्त लोहनी, अभिनास बोहरा, अनिल साह, विक्रम शोव, भुवन कर्की, अंकित सुवेदी र शरद भेषवाकर भने बाहिरिएका छन् ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा हुने सिरिज फागुन २ मा शुरू भएर फागुन ९ मा सकिनेछ । लिग-२ को ९ वटा सिरिज मध्ये नेपालले आफ्नो सातौं सिरिज खेल्न लागेको हो ।

यस्तै नेपालले लिग-२ मा आफ्नो दोस्रो सिरिज घरेलु मैदानमा खेल्न लागेको हो ।

यो सिरिजपछि नेपालले पपुवा न्युगिनी र युएईविरुद्धको सिरिज घरेलु मैदानमा खेल्नेछ भने यी दुवै टिमविरुद्धको अन्तिम सिरिज पपुवा न्युगिनीमा खेल्नेछ । दुवै सिरिजको मिति पक्का भइसकेको छैन ।

९ सिरिजमा ४-४ खेल गरी कुल ३६ खेल खेल्ने नेपालले अहिलेसम्म ६ सिरिजका २४ खेल खेलिसकेको छ । लिग-२ मा सहभागी ७ टिममध्ये नेपाल छैटौं स्थानमा छ । शीर्ष तीन भित्र परे एकदिवसीय विश्वकप छनोटमा पुगिनेछ भने शीर्ष तीन भित्र पर्न नसके प्लेअफ खेल्नुपर्नेछ ।

लिगमा ३२ खेल खेलेको स्कटल्यान्ड ४६ अंकसहित शीर्ष स्थानमा छ । आफ्ना सबै ३६ खेल खेलेर ४४ अंक जोडेको ओमान दोस्रो स्थानमा रहदा नामिबिया ३० खेलबाट ३७ अंक जोड्दै तेस्रो स्थानमा छ ।

सबै ३६ खेल खेलिसकेको अमेरिका ३५ अंकसहित चौथो स्थानमा छ । पाँचौ स्थानको युएईको २६ खेलबाट २७ अंक छ। नेपाल २४ खेलबाट १८ अंक जोडेर छैटौं स्थानमा छ । अन्तिम स्थानको पपुवा न्युगिनीको २८ खेलबाट ५ अंक छ ।

नेपालको दोस्रो चरणको टिममा कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, कुशल मल्ल, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, गुल्शन झा, करण केसी, सन्दीप लामिछाने, सोमपाल कामी, ललित राजवंशी, सन्दीप जोरा, भीम सार्की, प्रतिश जिसी, कमलसिंह ऐरी, किशोर महतो, मौसम ढकाल, सूर्य तामाङ र अर्जुन साउद रहेका छन् ।

# कपुरलाई स्वर्ण




**काठमाडौं/मस-** एनसीसीएसका कपुर शर्मा पौडेलले पाँचौं सम्झना कप अन्तर्राष्ट्रिय टेबलटेनिस प्रतियोगिताको भेट्रान ५५ वर्षमाथि पुरुष सिंगल्समा बिहीबार स्वर्ण जितेका छन् ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको फाइनलमा कपुरले टिम सम्झनाका कपिल कुमारलाई १६-१४, ८-११, १६-१४, २-११ र ११-७ को सेटमा पराजित गरे । टिम सम्झनाका प्रकाश धाक्वा र गण्डकी प्रदेशका राजन सुब्बा तेश्रो भए ।

विभिन्न ७ स्पर्धा समावेश प्रतियोगितामा ४ स्वर्णको छिनोफानो भइसकेको छ । यसअघि टिम इभेन्टको पुरुषमा भारतको ग्लोबल टेबलटेनिस एकेडेमी र महिलामा नेपाल प्रहरी क्लब तथा भेट्रान ४० वर्षमाथि महिला सिंगल्समा ज्ञानभैरव डिल्लीबजार टेबलटेनिस क्लबकी इन्दिरा पौडेल पराजुलीले स्वर्ण जितेका थिए । पुरुष/महिला सिंगल्स र भेट्रान ४० वर्षमाथि पुरुष सिंगल्सको फाइनल हुन बाँकी छ ।

# एक्सेल्सियर कप शुरु



**काठमाडौं/मस-** द एक्सेल्सियर स्कुलको आयोजनामा नवौं एक्सेल्सियर कप बिहीबारदेखि शुरु भएको छ । प्रतियोगिताको राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान पारस खड्काले एक कार्यक्रमबीच उद्घाटन गरे । सोही अवसरमा पारसले स्वयम्भूस्थित एक्सेल्सियरकै हातामा नवनिर्मित क्रिकेटको अभ्यासस्थल 'क्रिक्सल' को पनि उद्घाटन गरे ।

प्रतियोगिताअन्तर्गत सिनियर ब्वाइज बास्केटबलमा रेडिअन्ट पक्लिब स्कुल, मोर्डन इन्डियन स्कुल (एमआईएस) र नेपालयले विजयी सुरुआत गरेका छन् । रेडिअन्टले पिपुल्स एकेडेमीलाई ४२-२८ ले पराजित गऱ्यो । रेडिअन्टको जितमा सन्तोष शर्माले १२ अंक योगदान गरे । आयुश राईको १२ अंक सहयोगमा एमआईएसले पुष्पसदनलाई २१-२० को झीनो अन्तरले हरायो । नेपालयले एपेक्स लाइफ स्कुललाई १५-२ ले पाखा लगायो । नेपालयका निश्चल भण्डारीले ७ स्कोर गरे ।

गर्ल्स बास्केटबलमा संस्कृतिले द चाँदबाग स्कुललाई २५-६, रिब्सले आयोजक एक्सेल्सियरलाई ७-६ र एमआईएसले न्यु इरालाई १७-६ ले पन्छाए । संस्कृतिकी रियाना महर्जनले ७, रिब्सकी हुमा लिम्बूले ४ र एमआईएसकी प्राची सिंहले ९ अंक जोडे ।

ब्वाइज फुटबलको यु-१२ मा संस्कृति र स्वस्तिश्री गुरुकुलले जित निकाले । संस्कृतिले रेडिअन्टलाई २-१ गोलले पराजित गऱ्यो । संस्कृतिका रोजोल खतिवडा र सौरव कृष्णले १-१ गोल गरे । रेडिअन्टका रिजन बखालले १ गोल फर्काए । स्वस्तिश्रीले दोहोरो जित आत्मासात् गऱ्यो । स्वस्तिश्रीले एक्सेल्सियरमाथि १-० को कठिन जित दर्ता गऱ्यो । दिपसिङनर महर्जनले निर्णायक गोल गरे । अर्को खेलमा स्वस्तिश्रीले काभ्यालाई ३-० गोलले पराजित गऱ्यो । विजेताका रिजन गुरुङले २ गोल गरे भने १ गोल आत्मघाती रह्यो ।

ब्वाइज फुटबलकै यु-१६ मा एनआईसी एकेडेमी र होली भिजनले सफलता पाए । एनआईसीले काभ्यामाथि ६-० को सहज जित रच्यो । एनआईसीका अनिश जोशीले ४ तथा वाङगेल गुरुङले २ गोल गरे । होली भिजनले हार्टल्यान्डलाई ५-४ गोलले पराजित गऱ्यो । होली भिजनका प्रयासले ४ तथा सुशान्तले १ गोल गरे । हार्टल्यान्डका अनिश रोजराले २ तथा विकास गुरुङ र करन लामाले १-१ गोल गरे ।

फाइभ ए साइड फुटबलको ब्वाइज यु-१२ मा १४ टिम तथा यु-१६ मा १६ टिम सहभागी छन् । बास्केटबलतर्फ सिनियर ब्वाइज र गर्ल्समा समान १३-१३ टिमले भाग लिएका छन् । प्रतियोगिता माघ २६ गतेसम्म चल्ने छ ।


**बागमती प्रदेश सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**लगनखेल, ललितपुर**

**प्रस्ताव आवह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९/१०/२०**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ललितपुरको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालनका लागि देहाय बमोजिम स्थान उल्लेखित भएका क्षेत्रहरु अन्तर्गतका इच्छुक पशुपालक कृषक समूह/ सहकारी/ निजी फार्मले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र रु १०/- को हुलाक टिकट टाँस गरी पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन प्रकृया, २०७९ को अनुसूची २ बमोजिमको आवेदन पत्र, अनुसूचि ३ अनुसार कागजातहरु र अनुसूची ४ बमोजिमको कार्य योजना संलग्न राखी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगनखेल ललितपुरमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगी तथा म्याद नाघी दर्ता हुन आएका प्रस्तावनाहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | कार्यालयको तर्फबाट प्रति साझेदारलाई दिइने अनुदान रकम रु. | न्यूनतम मापदण्ड | प्रस्ताव पेश गर्न सक्ने साझेदार | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | दूध उत्पादन वृद्धि कार्यक्रम | प्याकेज | ४ | प्रति प्याकेज २५ लाख ( प्याकेज १ बढीमा ७५ हजार प्रतिफार्म र प्याकेज २ बढीमा ८० हजार प्रतिफार्म) | दैनिक कम्तिमा ५० लिटर दूध उत्पादन गर्ने | निजी फार्म | दूध उत्पादन जोन<br>१. कोन्ज्योसोम गाउँपालिका वडा नं.२ ललितपुर<br>२. महाँकाल गाउँपालिका वडा नं. १ ललितपुर<br>३. शंखरापुर नगरपालिका वडा नं. १ काठमाडौं<br>४. सूर्यविनायक नगरपालिका वडा नं. २ र ३ भक्तपुर |
| २ | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | प्याकेज | ४ | १५ लाख प्रतिप्याकेज | दैनिक कम्तिमा ३०० लिटर दूध संकलन गर्ने संस्थाको स्थापना १ वर्ष पुरा भएको आवेदक संस्थाले दैनिक २० लिटर दूध उत्पादन गर्ने १५ जना कृषकको प्याकेज बनाई प्रस्ताव पेश गर्नु पर्ने, अनिवार्य पशु बीमा गरेको हुनु पर्ने | दुग्ध उत्पादक सहकारी संस्था | काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला भरी |
| ३ | पशु आहारा आत्मनिर्भर कार्यक्रम<br>❖ टियोसेन्टी बिउ उत्पादन तथा प्रवर्द्धन कार्यक्रम<br>❖ साइलेज उत्पादनका लागि मकै खेती कार्यक्रम<br>❖ घाँसखेती विस्तार कार्यक्रम | हेक्टर | ५० | ❖ एक वर्षिय घाँसको लागि २५हजार प्रति हेक्टर<br>❖ बहुवर्षिय डाले तथा भुँई घाँसको लागि ४०हजार प्रतिहेक्टर | सम्बन्धित कार्यविधि बमोजिम | कृषक समूह/ कृषि सहकारी/ निजी फार्महरु | काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला भरी |

**नोटः** सूचनामा उल्लेखित कार्यक्रम सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१५५४७३७७ वा कार्यालयको वेवसाइट vhleclalitpur.p3.gov.np बाट डाउनलोड गरी लिन सकिनेछ ।



**Darma Rural Municipality**
**Office of the rural municipal executive**
**Pharulachaur,Salyan**
**Karnali Province,Nepal**

**Invitation for Sealed Quotation for the procurement of non-Local materials**

**Date of first Publication:2079/10/20**

1. The Darma Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of non local construction material.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Darma Rural Municipality ,Phaarulachaur ,Salyan[or may visit PPMO website www.bolpatra.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the office of the Darma Rural Municipality ,Phaarulachaur,Salyan by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2079/11/05 during office hours.
4. "Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [i.e www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **Name of the Bank : Nabil bank ltd.** **Name of Office : Darma Rural Municipality**
   **Office Code no. :……………..** **Office Account no. : 07301017500275**
   **Rajaswa (revenue) Shirshak no. :**
   Sealed bids must be submitted to the office Darma Rural Municipality through www.bopatra.gov.np/egp on or before 2079/11/05 on 12:00 oclock. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/11/07, 1:00 oclock at the office of Darma Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2080/01/25). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 07301017500290 at Nabil bank ltd.,Darma branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
8. Matters not covered in this notice shall be treated in accordance with prevailing acts and regulation.
9. The name and identification of the contract is as follows:,

| S.N. | Conract No. | Description of works | Estimated cost (w/o VAT) | Cost of bid documents (NRS) | Minimum bid security amount (NRS) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | DRM/SQ/G/01/079/80 | procurement and supply GI pipes and fitting, and procrement supply and installation of all solar pump accessories of Kanjalukeni kamalpokhari lift DWSS (karmagat) | 1496007.00 | 1000.00 | 47,000.00 | |
| 2. | DRM/SQ/G/02/079/80 | procurement of non local construction material of kanjalukeni kamalpokhari lift DWSS( Karmagat) | 1632998.50 | 1000.00 | 48,000.00 | |
| 3 | DRM/SQ/G/03/079/80 | procurement of non local construction material for jhyaribang irrigation canal construction | 1666359.75 | 1000.00 | 48,000.00 | |

**Chief Administrative Officer**

# सत्ताको लयमा गभर्नर ?




**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १९ माघ ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारसँग नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको सम्बन्ध सामान्यतया सँधै नै चिसो रह्यो । उनले सँधै नै राज्यको मौद्रिक पक्षलाई कसिलो बनाउने नीति अख्तियार गरे । गर्भर अधिकारीलाई तत्कालीन सरकारले स्पष्टिकरण सोधेर निलम्बन नै गर्यो । तर, उनी सर्वोच्चको फैसलाबाट पुर्नबहाली हुन पुगे ।

मंसिर ४ मा भएको संघीय र प्रदेश तहको निर्वाचन पश्चात 'प्रचण्ड' नेतृत्वमा बनेको एमाले सहितको सरकारसँग भने गभर्नर अधिकारी नरम देखिएका छन् । गभर्नर अधिकारीकै सक्रियतामा नेपाल राष्ट्र बैंकले आयातमा लगाएको मार्जिन हटाउने र चालु पुँजी कर्जा मार्गदर्शन, २०७९ मा संशोधन गरिसकेको छ । त्यस्तै, उनकै सक्रियतामा राष्ट्र बैंकले शेयर धितो कर्जामा रहेको ४/१२ नीति पनि हटाइसकेको छ, भने गभर्नर अधिकारी शेयर धितो कर्जामा १२ करोडको नीति हटाउन पनि सकारात्मक रुपमा प्रस्तुत भएका छन् ।

अर्थमन्त्रालयले राज्य साधारण खर्च धान्न नसक्ने अवस्थामा पुगेको भन्दै १४ बुँदे खर्च कटौतीको विज्ञप्ति जारी गरेको छ । पुस मसान्तसम्मको अवस्था हेर्दा वैदेशिक लगानीको प्रतिवद्धता ५ अर्बमा सिमित रहेको छ । निर्यात घट्दै गएको छ, माघको तेस्रो हप्तासम्म पानी पर्न सकेको छैन जसले गर्दा हिउँदे बालीको उत्पादन घट्ने सम्भावना बढेको छ । तर, वर्षौंसम्म कसिलो नीति अख्तियार गरेको नेपाल राष्ट्र बैंकले सरकार बद्लिएसँगै अर्थतन्त्रमा आफ्नो उदार उपस्थिति जनायो ।

बिहिबार राजधानीमा भएको कार्यक्रममा गभर्नर अधिकारी आँफैले बैंकहरुलाई व्यवसायीहरुलाई किस्ता बुझाउन केही समय धैर्य गर्न अनुरोध गर्दै थिए । सरकारलाई साधारण खर्चको स्रोत जुटाउन अप्ठ्यारो परिरहेको अवस्थामा गभर्नर मौद्रिक उपकरणहरुको प्रयोग र आफ्नो पहलमा राजस्व बढी उठ्ने वातावरण सिर्जना गर्न पहल गरिरहेको देखिन्छ । जसले गर्दा सरकार अथवा अर्थमन्त्री विष्णु पौडेललाई त्यसैगरी योजना निर्माण गर्न सहज भइरहेको छ ।

# फाबरले एरोस्टेसन चिम्नीमा आकर्षक छुट दिने




**काठमाडौं/मस** – किचन चिम्नी निर्माता कम्पनी फाबरले आफ्नो घरका लागि अत्याधुनिक प्रविधिमा निर्मित र उच्च गुणस्तरका किचन एप्लाएन्सेस खरिदमा छुट अफर ल्याएको छ । कम्पनीले नेपाली ग्राहकहरुलाई आफ्ना तीनवटा एरोस्टेसन चिम्नीहरुमा ३० प्रतिशतसम्म छुट दिने घोषणा गरेको हो । सुरक्षित, स्टाइलिस र फंक्सनल चिम्नीका साथसाथै ग्राहकहरुले १.५ लिटरको २,४५० मूल्य बराबरको फाबर इलेक्ट्रिक वाटर केटल पनि पाउने कम्पनीले जनाएको छ ।

यो अफर एरोस्टेसन स्पार्कल प्रो थ्रीडी टिसी एबी ९०, एरोस्टेसन स्टार प्रो थ्रीडी टिसी एबी ९० र एरोस्टेसन ग्लासी थ्रीडी पीबी ९० मा उपलब्ध छ । यसैगरी, कम्पनीले माथि उल्लिखित एरोस्टेशन चिम्नी र नेक्सस हब कुकटप हाइब्रिडहरु (नेक्सस ८०३ वा नेक्सस ६०३) को संयुक्त खरिदमा ११,००० बराबरको फाबर मिक्सर ग्राइन्डर पनि निःशुल्क उपलब्ध गराउने घोषणा गरेको छ ।

इटालियन ब्रान्ड फाबर भान्साको चिम्नी बनाउने विश्वकै अग्रणी हो र अझै पनि गुणस्तर र उत्पादन मात्रामा नम्बर एक रहेको छ । ८ राष्ट्र र ३ महादेशमा पहिले देखि नै रहेको फाबर नेपालमा सबैभन्दा छिटो रुचाइएको घरेलु एप्लाएन्सेस ब्रान्ड मध्ये एक हो । युएचएस होल्डिङ्स प्रा. लि. नेपालमा फाबरको आधिकारिक आयातकर्ता र वितरक हो। किचन हुड र चिम्नी बाहेक यस कम्पनीले कुकटप, डिसवासर, ओभन, कुकिङ रेन्ज, हब, साना घरायसी सामाग्री र फेबरका अन्य लोकप्रिय उत्पादनहरु पनि उपलब्ध गराउँछ ।

युएचएस होल्डिङ्स नेपाली आर्किटेक्चरल र निर्माण उद्योगको आवश्यकता बीचको खाडल पुरा गर्नमा केन्द्रित छ । यो कम्पनी बाथरुम, भान्छा, फ्लोरिङ, सिलिङ र रेलिङ फर्निचर, उपकरण, र हार्डवेयर समाधानमा व्यावसायिक र आवासीय समाधानको कार्यक्षेत्रमा दक्ष छ । अन्तर ाष्ट्रिय उत्पादकहरुसँगको साझेदारीमा यस कम्पनीले ग्राहकहरुका लागि समकालीन डिजाइन र उत्कृष्ट कार्यक्षमता सहितको ब्रान्डेड उत्पादनहरु उपभोक्ता माझ उचित मूल्यमा उपलब्ध गराउँदछ ।

# 'उच्च ब्याजदरका कारण उद्योगीहरुको मनोबल खस्कियो'

**काठमाडौं/मस** – नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले उच्च ब्याजदरका कारण उद्योगी व्यवासायीहरको मनोबल खस्किएको बताएका छन् । नेपाल उद्योग परिसंघले नेपाल बैंकर्स संघका नवनिर्वाचित अध्यक्ष एवं कार्यसमितिलाई बधाई एवं शुभकामना कार्यक्रममा बोल्दै अध्यक्ष अग्रवालले सो बताएका हुन् ।



उनले संघको नयाँ कार्यसमितिले निक्षेपको ब्याजदर घटाउने सहमतीका लागि धन्यवाद दिँदै कर्जाको ब्याजदर घटाउन भूमिका खेल्न पनि आग्रह गरे । उनले मागमा आएको उच्च संकुचनका कारण साना तथा मझौला व्यवसायीहरुले बैंकलाई कर्जाको किस्ता तिर्न सक्ने अवस्था नभएकाले बिना प्रोभिजन ऋणको पुनःसंरचना, पुनः तालिकीकरण गरी सहयोग गर्नुपर्ने बताए ।

यस्तै, उनले उद्योगहरुको प्रवर्द्धन गर्न वेसरेटमा २ प्रतिशत मात्रै ब्याज लगाएर कर्जा प्रवाह गर्न पनि आग्रह गरे । अध्यक्ष अग्रवालले चालुपूँजी कर्जा मार्गदर्शनको संशोधनपछि पनि राष्ट्र बैंक, बैंकर, उद्योगी व्यवसायीबीच बुझाईमा एकरुपता आउन नसकिरहेकाले विज्ञसहितको हेल्प डेस्क स्थापना तथा तत्काल संचालन गर्न आग्रह गरेका थिए ।

नेपाल बैंकर्स संघका नवनिर्वाचित अध्यक्ष सुनिल केसीले मुलुकको अर्थतन्त्रको अवस्था र आगामी दिनमा कसरी अगाडी बढ्नुपर्ने भन्ने विषयमा जानकारी गराएका थिए । उनले परिसंघले दिएको कतिपय सुझाव बैंकहरु तथा संघले आफै पनि गर्न सक्ने भएकाले कार्यान्वयनमा सहयोग गर्ने बताए । उनले अहिले बैंकहरुको प्रमुख समस्याको रुपमा बढ्दो नन-पर्फमिङ लोन रहेको बताए । उनले ब्याजदरका विषयमा सडक आन्दोलन नगर्न उद्योगी व्यवसायीहरुलाई समेत आग्रह गरे ।

संघका नवनिर्वाचित कार्यसमिति र परिसंघ सदस्यहरुबीच भएको अन्तरक्रियामा परिसंघका उपाध्यक्षहरु कृष्णप्रसाद अधिकारी, विरेन्द्रराज पाण्डे, हेमराज ढकालसहित परिसंघ नेशनल काउन्सिल सदस्यहरु, नेपाल बैंकर्स संघका उपाध्यक्ष सन्तोष कोइराला, कार्यसमिति सदस्यहरु अजय विक्रम शाह, दिपककुमार डे, सल्लाहकार अशोक शम्सेर राणा लगायत उपस्थित रहेका थिए ।

# भिभोद्वारा नेपालमा वाई ०२ मोवाइल सार्वजनिक

**काठमाडौं/मस** – अग्रणी विश्वव्यापी टेक्नोलोजी ब्रान्डले भिभोले वाई सिरिजमा नयाँ मोडल वाई ०२ सार्वजनिक गरेको छ । यो नयाँ स्मार्टफोनले युवा ग्राहकहरूलाई सुलभ मूल्य दायरामा नवीन तथा सुविधायुक्त विशेषताहरू प्रदान गर्ने कम्पनीको दाबी छ । वाई ०२ मा दिनभरिका कामहरू सहजै पूरा गर्न लामो समयसम्म चल्ने ५ हजार एमएएच विशाल ब्याट्री, पर्याप्त स्टोरेजका लागि २ जीवी ऱ्याम प्लस ३२ जीवी रोम तथा सुन्दर तथा आकर्षक डिजाइन रहेको छ । यो स्मार्टफोनको मूल्य १२ हजार ४९९ तोकिएको छ ।



वाई ०२ मा ६.५१ इन्चको एजडी प्लस डिस्प्ले रहेको छ र इमर्सिभ तथा रमाइलो दृश्यको सहज अनुभवका लागि आई प्रोटेक्शन मोड पनि रहेको छ । यसको २.५ डी स्लिम बडी डिजाइनले यसलाई आकर्षक बनाउनका साथै हातमा बोक्दा पनि आरामदायी बनाउँछ । यो स्मार्टफोन दुई सुन्दर रंगहरू - कस्मिक ग्रे र अर्किड ब्लूमा उपलब्ध छ । वाई ०२ सार्वजनिक गरेको अवसरमा भिभो नेपालका प्रमुख कार्यकारी अधिकृत माईकलले भने, 'युवा उपभोक्ताहरूलाई लक्षित गरी वाईसिरिजले बजारमा आफूलाई सबैभन्दा लोकप्रिय स्मार्टफोन सिरिजहरू मध्ये एकको रूपमा स्थापित गरेको छ । वाई सिरिज युवा ग्राहकहरूका लागि लक्षित गरिएको छ जो आफ्नो व्यस्त जीवनशैलीलाई निरन्तरता दिन स्मार्टफोनहरूमा निर्भर पर्छन् ।'

# माछापुच्छ्रेका ग्राहकलाई फ्रन्टलाईन अस्पतालमा छुट




**काठमाडौं/मस** – माछापुच्छ्रे बैंक र फ्रन्टलाईन अस्पतालबीच बैंकका ग्राहकलाई छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ । सम्झौता अनुसार माछापुच्छ्रे बैंकका ग्राहकहरूले फ्रन्टलाईन अस्पतालमा स्वास्थ्य सम्बन्धी सुविधा लिँदा बढिमा १३ प्रतिशतसम्म छुट पाउनेछन् । जस अन्तर्गत फ्रन्टलाईन अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाहरु ओपिडि, बेड तथा सर्जरी, ल्याब, लगायतका अन्य सेवाहरुको शुल्कमा न्युनतम ५ प्रतिशतदेखि बढीमा १३ प्रतिशतसम्म छुट प्राप्त गर्नेछन् ।

सो संस्थाले हाल पुरानो बानेश्वर, काठमाडौंबाट सेवा प्रदान गर्दै आईरहेको छ । बैंकका ग्राहकहरूले उक्त छुट, बैंकको डेबिट र क्रेडिट कार्ड प्रयोग गरी बिल भुक्तानी गर्दा पाउन सक्नेछन् । माछापुच्छ्रे बैंकले हाल देशका ७ वटै प्रदेशमा १६५ शाखा, ११ एक्सटेन्सन काउन्टर, १५७ शाखारहित बैंकिङ सेवा, २०६ एटिएम मार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

# राष्ट्रिय वाणिज्य बैंकले उद्यमशीलता तालिम सञ्चालन गर्ने

**काठमाडौं/मस** – राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र राष्ट्रिय युवा परिषद् बीच सम्झौता भएको छ । बैंक र परिषद् बीच युवालाई उद्यमशीलताको मार्गदर्शन गराई उद्यमशीलताको विकास र वित्तीय साक्षरताको तालिम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सम्झौता भएको हो । सम्झौतापत्रमा राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

सम्झौतापछि राष्ट्रिय युवा परिषद्ले सातै प्रदेशका सात वटा विभिन्न पालिकाका युवाहरुलाई उद्यमशीलता विकासको लागि उद्यमशीलता विकास र वित्तीय साक्षरता सम्बन्धी सात दिने तालिम कार्यक्रम संचालन गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ ।

परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले सम्झौताले युवाहरुमा उद्यमशीलता, रोजगारी तथा नेतृत्व विकासमा सहयोग पुग्ने बताए । यस्तै, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता पश्चातको त्रिपक्षिय सहकार्यबाट कर्जाको सदुपयोगिता



बढ्न गई उत्पादन तथा स्वरोजगारी सृजनामा सघाउ पुग्ने बताए ।

**व्यक्तिगत घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।**

- व्यक्तिगत घटना ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौं गराऔं ।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले दिन सक्छन् ।
- विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्दछ ।
- सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नि कुनै एक पक्षले दिन सक्छन् ।
- बसाई सराई दर्ता गर्दा व्यक्ति आफूमात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनु पर्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Invitation for online Bids**

## SHIVASATAKSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

**PROVINCE NO.1, JHAPA**
**Date of publication: 2079/10/20 (03-Feb-2023)**
**Date of bid opening: 2079/11/21(05-Mar-2023)**

1. Shivasatakshi Municipality invites electronic bids for Nepalese eligible bidders for the following construction Works under National Competitive Bidding procedures.

| Contract Identification no. | Name of Project | Estimated Amount (Without VAT and PS) | Bid document Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|---|
| 10/SM/NCB/ Cons/2079/080 | Construction of Panchgachi Health Post Building , Shivasatakshi 04 | 75,39,730.30 | 3000.00 | 1,88,500 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be download from the PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   <u>**Information to deposit the cost of bidding document in Bank:**</u>
   Name of the Bank: Mega Bank Nepal LTD , Birtamod branch
   Name of Office: Shivasatakshi Municipality
   Office Account no.: 3140010000128
4. Pre-bid meeting shall not be conduct.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 2079/11/21 (05-Mar-2023). Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 2079/11/21(05-Mar-2023) at the office of Shivasatakshi Municipality , province No. 1, Jhapa . Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security amount as stated above deposited at Dharauti account No. 3140010000161 on behalf of of Shivasatakshi Municipality at Mega Bank Nepal LTD , Birtamod branch or bid bond authorized from a recognized "A" class commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scanned copy of the bid security in .pdf format, amounting as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**